# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा

पत्र संख्या: २०८२।०८३
सूचना नम्बर: १४

लुम्बिनी प्रदेश, नेपाल

**विद्यालयको अन्तिम लेखापरीक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना।**

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।०५।०३)

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को ज (२१) अन्तर्गत विद्यालयको आय व्ययको लेखा र अनुशासन कायम सम्बन्धि कार्य स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र पर्ने भएकाले यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय र सिकाई केन्द्रहरुको आर्थिक वर्ष २०८१।०८२ को अन्तिम लेखापरीक्षण गराउने प्रयोजनको लागि मान्यताप्राप्त लेखापरीक्षकहरुको विवरण तयार गर्नुपर्ने भएकाले ईच्छुक लेखापरीक्षकले मिति २०८२।०५।१७ गते कार्यालय समयभित्र उल्लेखित तपसिलका कागजातहरुको प्रतिलिपी संलग्न राखी व्यक्ति वा फर्मको ठेगाना र सम्पर्क नं. सहित सुचिकृत हुनका लागि शिक्षा, युवा तथा खेलकुद शाखामां निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

..........................
(लेपेन्द्र बहादुर बुढाथोकी)
नि.प्रमुख प्रशासकिय अधिकृत

लेपेन्द्र बहादुर बुढाथोकी
(नि.प्रमुख प्रशासकीय अधिकृत)

**तपसिल**

- सक्कल निवेदन
- फर्म दर्ता प्रमाणपत्र (नवीकरण गर्नुपर्ने भए सो समेत)
- नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र
- स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र
- आ.व. २०८१।०८२ सम्मको करचुक्ता प्रमाणपत्र
- नेपाली नागरिकताको प्रमाणपत्र

( तोकिएका कागजातहरु इमेलबाट पठाएको मान्य हुने छैन।)

पुनश्चः म्याद नाघी तथा रित नपुगी आएका आवेदन स्वीकृत गरिने छैन।